# ११८ औं कार्यपालिका वैठकको प्रस्तावहरु :

१. आगामी आर्थिक वर्ष २०८२/८३ को योजना तथा कार्यक्रम छनौट सम्बन्धमा ।
२. पुतलीबजार नगरपालिकाको ठेगाना प्रगतिनगर, स्याङ्जा लेख्ने सम्बन्धमा ।
३. अधिवक्ता तुलसी गिरीको पारिश्रमिक सम्बन्धमा ।(५०,००० +१,०३,००० को बिल आएको )
४. आँधिखोला कोरिडोरको IEE प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा ।
५. भैसेगौडा सामुदायिक भवन पर्खाल निर्माणका लागि वडा कार्यालयबाट रु २,००,००० विनियोजन भएकोमा लागत अनुमान अनुसारको नपुग रकम रु ३,००,००० /- पर्यटन पर्वर्द्धन शिर्षकबाट भुक्तानी दिने सम्बन्धमा ।
६. विषयगत समितिहरुको वैठक सम्बन्धमा ।
७. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ को उपदफा (२) र (३) बमोजिमको विज्ञ समुह गठन सम्बन्धमा ।
८. विविध

२०८२ जेष्ठ १७ गते शनिबार

११८ औ कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं १ :

आर्थिक वर्ष २०८२/८३ को लागि वडाको शिलिङ्ग अन्तर्गत रही प्रचलित कानूनले तोके बमोजिमको विधि र प्रक्रिया अवलम्बन गरी सम्पूर्ण वडा कार्यालय, विषयगत शाखालाई योजना तथा कार्यक्रमहरु जेष्ठ २५ गते भित्र नगरपालिकामा पेश गर्ने गरी निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं २ :

वडा तथा शाखाबाट पत्राचार हुँदा प्रयोग हुने लेटरप्याड लगायतका कागजातहरुमा कार्यालयको स्थायी ठेगाना कही स्याङ्जा कतै प्रगतिनगर,स्याङ्जा लेखिदै आएको हुँदा ठेगानामा एकरुपता ल्याउन नगरपालिका रहेको वास्तविक स्थानको नाम प्रगतिनगर भएकोले सोही अनुसार सबै सरकारी कागजमा ठेगाना लेख्दा प्रगतीनगर,स्याङ्जा लेख्ने गरी शाखा, वडा कार्यालय, तथा स्वास्थ्य संस्थाहरुमा पत्राचार गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

विश्व बैंकको सहयोगमा प्रगतिनगर कोल्मा बहाकोट सडक खण्ड निर्माणका लागि आवश्यक पर्ने ढुङ्गा गिट्टी बालुवाको उत्खनन् र प्रसोधन कार्यका सम्बन्धमा पुनरावेदन अदालत पोखरामा परेको मुद्दा र उच्च अदालत पोखरामा परेको सडक उपभोग कर (पटके कर ) खारेज मुद्दाको बहस गर्न र २०७९/०३/३२ गतेको कार्यपालिका बैठकको निर्णय समेतका आधारमा अधिवक्ता श्री तुलसी गिरीले पेश गरेको रु १,०३,०००/- र ८२,५००/- गरी जम्मा रु १,८५,५०० /- बिल बमोजिमको रकम भुक्तानी दिने निर्णय गरीयो ।

निर्णय नं. ४ :

यस नगरपालिका र ग्रीन हेराल्ड इन्भायरोमेन्टल एण्ड इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि वीच सम्झौता भई अगाडी बढेको आँधीखोला कोरिडोर (पुतलीबजार-लमागे-भिरकोट-वालिंग नगरपालिका- आँधीमुहान ) २०.५०३ कि.मि सडकको प्रारम्भिक वातावरणीय परिक्षणको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो।

निर्णय नं ५ :

भैसीगौंडे सामुदायिक भवनमा वडा कार्यालयबाट रु २,००,०००/- विनियोजन भएकोमा लागत अनुमानको भवन तथा अन्य निर्माण कार्यको लागि नपुग हुने रकम रु ३,००,०००/- होम स्टे स्तरोन्नति तथा पर्यटन पूर्वाधार शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं ६ :

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम पूर्वाधार विकास, सुशासन तथा संस्थागत विकास, वन वातावरण, आर्थिक विकास समितिका संयोजक तथा सदस्य सचिवलाई तत् तत् समितिको वैठक राखी आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयारी गरी कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाउने निर्देशन दिने निर्णय गरियो ।

.................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

पुतलीबजार नगरपालिका नगर कार्यपालिकाको कार्यालय स्याङ्जा २०७२

.................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ जेष्ठ १७ गते शनिबार

निर्णय नं ७ :

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १४ को उपदफा (२) र (३) मा भएको व्यवस्था वमोजिम नगरपालिकालाई आवश्यकता अनुसार शिक्षा, स्वास्थ्य, कृषि तथा पशु विकास, सूचना प्रविधि, वन वातावरण, महिला, दलित, बालबालिका, जेष्ठ नागरिकहरुको विषयमा नीति निर्माण, राय, सल्लाह तथा सुझाव दिने गरी देहाय बमोजिमका संयोजक, सदस्य सचिव तथा सदस्य रहने गरी विज्ञ समिति गठन गरियो ।

| | | | |
|---|---|---|---|
| क) | श्री भरत लम्साल | पुतलीबजार नगरपालिका - ०१ | संयोजक |
| ख) | श्री ध्रुब वन्धु पौडेल | पुतलीबजार नगरपालिका - १४ | सदस्य |
| ग) | श्री भवानी अधिकारी | पुतलीबजार नगरपालिका - ०३ | सदस्य |
| घ) | श्री बोधराज अर्याल | पुतलीबजार नगरपालिका - ११ | सदस्य |
| ङ) | श्री मनोज मल्ल | पुतलीबजार नगरपालिका - ०३ | सदस्य सचिव |

विविध :

क) आर्थिक वर्ष २०८२/०८३ को नगरसभा आगामी २०८२/०३/०७ गते शनिवार विहान ८ बजे आव्हान गर्ने निर्णय गरीयो ।

ख) यस नगरपालिकाको १५ औं नगर सभाबाट वडा नं १ को प्रगतिनगरमा रहेको शिव मन्दिर पछाडीको बाटो निर्माण शिर्षकमा विनियोजन भएको रु २,००,००० /- हालसम्म पनि विविध कारणले खर्च हुन नसकेकोले उक्त शिर्षकमा विनियोजित रकमबाट सोही स्थानको राम बहादुर सिंहको घर पछाडी पर्खाल निर्माणका लागी लागत अनुमान वमोजिम रु १ लाख विनियोजन गरी पर्खाल निर्माण गरी भुक्तानी दिई त्यसको अनुमोदन आगामी नगर सभाबाट गर्ने निर्णय गरियो ।

ग) यस नगरपालिकाको वडा नं १३ को मिति २०८२/०१/२५ चलानी नं २१६८ को पत्रानुसार कालिका माध्यमिक विद्यालय झापाकोटमा रहेको पानीको समस्या समाधान गर्नको लागि बोरिङ्ग मार्फत पिउने पानी उपलब्ध गराउनको लागि रु ४०,००० उपलब्ध गराउने निर्णय गरियो ।

घ) पुतलीबजार नगरपालिका वडा नं ४ को २०८१/०४/१६, चलानी नं ६० को पत्रानुसार पिङहाल्नेडाँडा आधारभूत विद्यालयमा (१-३) वर्षाका कारण विद्यालय कमपाउन्डमा पुगेको क्षेती संरक्षणका लागि वाल निर्माण गर्न लागत अनुमान तयार गरी रु १,००,००० सम्मको वाल निर्माण गरी पूर्वाधार मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

ङ) यस पुतलीवजार नगरपालिका वडा नं १ स्थित ट्याक्सी चोक सपिंग कम्प्लेक्स हुँदै त्रिभुवन आदर्श मा.वि जाने सडकको पूर्वाधार मर्मत सम्भार खर्चबाट खर्च गर्ने गरी लागत अनुमान वामोजिम कार्य अगाडी बढाउने निर्णय गरियो।

..................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

..................
तुलसीराम रेग्मी
नगर प्रमुख

२०८२ जेष्ठ १७ गते शनिबार

च) यस पुतलीबजार नगरपालिका वडा नं १ स्थित कारागार तल मालेबगर जाने सडक मर्मतको पूर्वाधार मर्मत सम्भार खर्चबाट खर्च गर्ने गरी लागत अनुमान बामोजिम कार्य अगाडी बढाउने निर्णय गरियो।

छ) यस नगरपालिकाको वडा नं १ को शिक्षा चोक देखि वडा नं ३ , ८ सम्मको निर्माणाधिन बहाकोट काल्खु सडक खण्डको लागी आवश्यक पर्ने ढुङ्गा, गिट्टी, बालुवाको प्रशोधन गर्नका लागी छिपेहट्टीयामा स्थापना भएको क्रसर उद्योग स्थापना गर्ने क्रममा मालेबगर वरिपरिका स्थानीयसंग भएको मौखिक सहमति अनुसार मालेबगर पुलको तल्लो खण्डमा IEE प्रतिवेदन अनुसार Dumping भएको ढुंगा गिट्टी बालुवाको उत्खनन गर्दा निर्माण कम्पनीले नगरपालिकामा दाखिला गरेको राजस्वको प्रदेश कानून अनुसार प्रदेश सरकारलाई दिनुपर्ने ४० % रकम कट्टा गरी बाँकी रहेको रकमको ६०% रकमलाई १००% गरी वरिपरिको क्षेत्रमा ५०% / ५०% रकम पूलको वरिपरि तटवन्धन गर्ने सहमति भए अनुसार वरिपरिको क्षेत्रमा तटवन्धन गर्नका लागि ४,६३,०००/- बराबरको रकमको तारजाली खरिद गरी सम्बन्धित सरोकारवालालाई उपलब्ध गराउने निर्णय गरियो ।

ज) संघीय सरकारको समपुरक अनुदान अन्तर्गत संचालित टापु सिंचाई आयोजना अन्तर्गत नहर बनाउने स्थानमा भारी वर्षा र नहरमा काम गर्ने ठाउंमा पानी भरिएको कारणले सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न गर्न नसक्ने भनि मिति २०८२/०२/०४ मा दिएको निवेदन अनुसार यस आर्थिक वर्षको मिति २०८२/०३/१४ गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

झ) वडा नं ९ को कार्यालय भवन कम्पाउण्ड निर्माणका लागी रु ३,००,०००/- वडा कार्यालयबाट विनियोजन भएकोमा विनियोजित रकमबाट उक्त कार्य सम्पन्न हुन नसक्ने भनि वडा कार्यालयबाट पत्राचार भएकोले लागत अनुमान अनुसार नपुग रकम रु ५,००,०००/- पूर्वाधार मर्मत शीर्षकबाट भुक्तानी गर्ने र पूर्वाधार मर्मत शिर्षकबाट भुक्तानी गर्न रकम नपुग भएमा आगामी नगर सभामा भुक्तानी गर्न बाँकी रकम विनियोजन गरी आर्थिक वर्ष २०८२/८३ मा भुक्तानी दिने निर्णय गरियो ।

ञ) यस नगरपालिका अन्तर्गत वडा नम्बर १२ मा संचालित चन्द्रकोट लिफ्टिङ्ग खानेपानी आयोजनाको 3 phase submersible pump ( 12.5hp) मेशिन बिग्रिएको भनि उपभोक्ता समिति र वडा कार्यालयको सिफारिश समेतको आधारमा उपभोक्ता समितिको तर्फबाट रु ५०,०००/- र बाँकी रकम नगरपालिकाको खानेपानी मुहान मर्मत/ पूर्वाधार मर्मत सम्भार खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

ट) नगरपालिका अन्तर्गत वडा नम्बर १४ , झापकोट निवासी जुना पौडेलको परिवारका सदस्य मध्ये ४ जना फरक क्षमता भएका र निजको पारिवारिक अवस्था अत्यन्त नाजुक भएको भनि वडा कार्यालयको सिफारिश र निजको सिफारिश समेतको आधारमा निजको घर निर्माणका लागी घरको विद्यमान अवस्था र नयाँ निर्माण

...................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

...................
तुलसीराम रेग्मी
नगर प्रमुख

भएको घरको अवस्था सहित आवश्यक अन्य आवश्यक कागजात पेश गरे पश्चात ४०,००० /- नाना, खाना र छाना शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ठ) स्याङ्जा युथ क्लब पुतलीबजार -१, स्याङ्जाले मिति २०८२ असार १५ गते धान दिवसको अवसरमा हिलेजात्रा कार्यक्रम संचालन गर्नका लागि मिति २०८२/०२/१५ गतेको निवेदन बमोजिम सहयोग मांग गरेको हुँदा उक्त कार्यक्रम संचालनको लागि विविध शिर्षकबाट रु ३०,०००/- सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

............................
धर्मराज ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

............................
तुलसीराम रेग्मी
नगर प्रमुख